आज मिति २०८०/१२/०५ गते सोमबारका दिन समय दिउँसो १२:०० बजे यस देवताल गाउँपालिकाका अध्यक्ष श्री उदय प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिभको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उदय प्रसाद यादव | अध्यक्ष | |
| २ | श्री सितापति देवी यादव | उपाध्यक्ष | |
| ३ | श्री अरुण कुमार सिंह | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री मनरुदीन मिँया ठकुराई | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रामकिशोर प्रसाद कुशवाहा | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री ललन कुमार यादव | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सुरेश प्रसाद साह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री संजय कुमार | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री सतेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री रामपुजन पंडित कुम्हार | कार्यपालिका सदस्य | |
| ११ | श्री किसुनदेव ठाकुर हजाम | कार्यपालिका सदस्य | |
| १२ | श्री सरस्वती देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रभा देवी धोविन | कार्यपालिका सदस्य | |
| १४ | श्री ललिता देवी जैसवार | कार्यपालिका सदस्य | |
| १५ | श्री कान्ती देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री नविन कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | श्री राजिव यादव | प्रशासन शाखा प्रमुख | |
| २. | श्री गजेन्द्र यादव | लेखा शाखा प्रमुख | |
| ३. | औलिक महम्द दर्जी | प्राविधिक शाखा प्रमुख | |

CamScanner

**प्रस्ताव नं. १. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा।**

निर्णय नं. १. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिका भित्र रहेका सम्पुर्ण विद्यालयहरुको समग्र बिकाशको लागि विद्यालय व्यवस्थापन समिति आवश्यक रहेको कुरा महशुस गरी तत्काल विद्यालय व्यवस्थापन समिति गठनको प्रक्रिया सुचारु गर्न शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. २. भुक्तानी सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८०/०८१ मा विभिन्न प्राविधिक कारणले यस कार्यालयलाई जानकारी नगराई वडामा वडाको आवश्यक्ता र प्राथमिक्ताको आधारमा वडा अध्यक्षज्युबाट खर्च भई र सो को भुक्तानी यस कार्यालयबाट माँग भई आएको अवस्थाबारे छलफल गरी अब उपरान्त त्यस्तो खर्च प्रक्रियलाई निरुत्साहित गर्ने र हाललाई सो संग सम्वन्धित तपशिलका योजना तथा कार्यक्रमको भुक्तानी नियमानुसार गर्ने निर्णय गरियो।

**तपशिल**

| क्र.स. | भुक्तानी माँग गर्ने | सिफारिस गर्ने | खर्च प्रकृती | रकम |
|---|---|---|---|---|
| १ | मुन्ना गुप्ता, पप्पु किराना स्टोर्स, कलैया | वडा नं. ३, रामकिशोर प्र. कुशवाहा | चालु | ६६,५०४।- |
| २ | कृष्णा रिचार्ज एण्ड बिजुली पसल, बेनौली चौक, बारा प्रमेन्द्र चौधरी | वडा नं. ४, ललन कुमार यादव | चालु | ६५,४०४।- |
| ३ | ललल कुमार यादव | वडा नं. ४, ललन कुमार यादव | चालु | ५९,२६५।- |
| ४ | लालबाबु प्रसाद जैसवार समेत | वडा नं. ३ | चालु | ५०,०००।- |

**प्रस्ताव नं. ३ गत आ.व.को भुक्तानी सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यस कार्यालयको विगत आ.व. मा कार्य सञ्चालन भई दायित्व सिर्जना भई यस आ.व. मा भुक्तानी माँग भएको योजना तथा कार्यक्रमहरुको उपलब्ध कागजातहरु अध्ययन तथा छलफल गरियो। सो कागजातहरुको अध्ययन पश्चात भुक्तानी दिन बाँकी कच्चावारी नरहेको तर स्थलमा कार्य भएको तथा भुक्तानी दिन बाँकी रहेको कुरा समेत अवगत गरियो। यस सम्वन्धमा भुक्तानी दिन बाँकी कच्चावारी तथा भुक्तानी दिन बाँकी रहेको कुरा यसै बैठक द्वारा अनुमोदन गरी तपशिलका योजना तथा कार्यक्रमको भुक्तानी थप आवश्यक कागजातहरुको आधारमा नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

CamScanner

**तपशिल**

| क्र.स. | भुक्तानी माग गर्ने | सिफारिस गर्ने | खर्च प्रकृती | रकम |
|---|---|---|---|---|
| १ | भर्चुअल नेटवर्क प्रा.ली. लहान, सिराहा | गाउँपालिका कार्यालय | चालु | ८,००,०००।- |
| २ | मुनी ईन्टरप्राईजेट, कलैया बारा | गाउँपालिका कार्यालय | पुंजीगत | ७६१६२।- |
| ३ | बौधीमाई ट्रेड एण्ड सप्लायर्स, विरगंज, पर्सा। | गाउँपालिका कार्यालय | पुंजीगत | ९९८६९।- |
| ४ | कुशवाहा ब्रदर्श एण्ड सन्स | गाउँपालिका कार्यालय | पुंजीगत | ८९६९९।- |
| ५ | मुन स्टार लायन्स क्लव, उचिडिह, सिम्रोनगढ | वडा न. ३, | चालु | ४९९९१२।- |
| ६ | ग्रामिण वातावरण तथा कृषिवन प्रविधि केन्द्र (CREAT) नेपाल, कलैया, बारा | वडा नं. ३ | चालु | ४९९४६०।- |
| ७ | करार कर्मचारीको तलब | गाउँपालिका कार्यालय | चालु | ८०५९३०।- |

**प्रस्ताव नं. ४ विद्यालय सुधार योजना सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथी आवश्यक छलफल गर्दा यस गाउँपालिका भित्र रहेको श्री भोला प्रा.वि. पिप्राढी र श्री नेपाल राष्ट्रिय प्रा.वि. रौवाही-५, विद्यालयको भौतिक तथा शैक्षिक अवस्था अत्यन्तै कमजोर रहेको तथा त्यसमा तत्काल सुधारको आवश्यक्ता देखिएकोले सो विद्यालयहरु सम्वन्धी विद्यालय सुधार शैक्षिक योजना बनाई बिद्यालयको भौतिक तथा शैक्षिक अवस्था सुधार गर्न शिक्षा समितिलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. ५. करार सेवामा रहेको कर्मचारीहरुको चाडपर्व खर्च तथा पोशाक सम्बन्धमा।**

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस कार्यालयवाट यसै आ.व. २०८०/०८१ मा करार सेवामा पदपुर्ति मार्फत कर्मचारीहरु करार सेवामा भर्ना भएको कुरा अवगत गरियो। सो कर्मचारीहरु विगत आ.व. मा पनि कार्यालयमा कार्य गरि सेवा सुविधा प्राप्त गरेको तथा यस आ.व. मा पनि श्रावण देखि असोज सम्म निरन्तर कार्य गरी सेवा सुविधा प्राप्त गरेको व्यहोरा अवगत गरियो। करार सेवामा रहेको त्यस्ता कर्मचारी जो यस आ.व. को श्रावण देखि असोज सम्म कार्य गरि सेवा प्राप्त गरेको तथा हाल माघ मसान्त देखि करार सेवा नियुक्ति लिई कार्य गरिरहेको कर्मचारीहरुको हकमा यस आ.व. को लागि नियमानुसार चाडपर्व खर्च र पोषाक खर्च प्रदान गर्ने निर्णय गरियो